# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।१२।२७ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला स्याङ्गजा, गल्याङ्ग नगरपालिकामा रहेको पकवादी कृषि सहकारी संस्थाले भवन निर्माण गर्न भनी कृषि निर्देशनालय, गण्डकी प्रदेश पोखराबाट अनुदान प्राप्त गरी भवन निर्माणको लागि विनियोजित बजेट हिनामिना गरेको, एउटा जग्गाधनी प्रमाणपुर्जा देखाएर पछि अर्को ठाउँमा भवन बनाएको, मापदण्ड मिचेको लगायतका अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा पकवादी कृषी सहकारी संस्थाले कृषि विकास निर्देशनालय गण्डकी प्रदेशबाट अनुदानमा संचालन हुने कृषि बजार केन्द्र स्थापना गर्न जग्गाधनी श्रीप्रसाद श्रेष्ठको नाममा रहेको कित्ता नम्बर ५३८ र ५४२ को जग्गा भाडा सम्झौता गरेको भएतापनि सम्झौता अनुसारको जग्गाको एकीन नै नगरी नेपाल सरकार सडक विभागको अधिकार क्षेत्रभित्रको कि.नं. २९२३ र कि.नं. २९२४ को जग्गामा नगरपालिकावाट नक्सापास समेत नगरी संरचना निर्माण गरी अनुदानको रकम भुक्तानी लिएको, जग्गाधनीले एउटा कित्ता नम्बरको जग्गाको भाडा सम्झौता गरी आफ्नो हकभोग नपुग्ने नेपाल सरकार सडक विभागको अधिकार क्षेत्रभित्रको जग्गालाई आफ्नो भनी कानून विपरीत सहकारी संस्थालाई हक भोग गर्न दिएको र अनुदान रकम निकासा गर्ने कृषि विकास निर्देशनालय, पोखराले पनि सम्झौताको शर्तमा कृषि बजार निर्माण सम्बन्धी कार्य गर्दा प्रस्ताव पेश गर्दाका बखत पेश गरेको जग्गाबाहेक अन्य स्थानमा निर्माण कार्य गरेको खण्डमा रकम भुक्तानी हुने छैन भन्ने व्यवस्थाको विपरीत संरचना निर्माण भएको सम्बन्धमा जग्गा एकीन नै नगरी नक्सा पास विना नेपाल सरकार सडक विभागको अधिकार क्षेत्रभित्रको जग्गामा बनेको संरचनाको कार्य सम्पन्न प्रतिवेदन पेश गरी अनुदानको रकम रु.२८,३७,२१७।- भुक्तानी दिई/लिई सम्झौता विपरीतका कार्यहरु भए गरेको, उक्त संरचनाको सम्बन्धमा संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय सडक डिभिजन पोखराबाट सडक सीमाभित्र निर्माण गरिएका संरचना अबिलम्ब हटाउन जानकारीसमेत गराई सकेको अवस्थामा भविष्यमा उक्त संरचना अस्तित्वमा नरहने भएकोले निर्माणमा भएको खर्च खेर गई सरकारी सम्पत्ति हानिनोक्सानी हुने गरी कार्य गरेको देखिँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरुउपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**देहायः**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | कृषि विकास निर्देशनालय, गण्डकी प्रदेशका तत्कालीन निमित्त कार्यालय प्रमुख निलकण्ठ पोखरेल | रु.२८,३७,२१७।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएकोले सोही ऐनको दफा १७ ले निर्देश गरेअनुसार सोही ऐनको दफा ३(१)(छ) र ३(१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन मागदाबी लिइएको छ। |
| २. | कृषि विकास निर्देशनालय, गण्डकी प्रदेशका कृषि इन्जिनियर विश्वनाथ पौडेल | रु.२८,३७,२१७।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएकोले सोही ऐनको दफा १७ ले निर्देश गरेअनुसार सोही ऐनको दफा ३(१)(छ) |

| | | | |
|---|---|---|---|
| | | | र ३(१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन मागदाबी लिइएको छ। |
| ३. | कृषि विकास निर्देशनालय, गण्डकी प्रदेशका तत्कालीन कृषि अर्थविज्ञ (शाखा प्रमुख) भानुभक्त भट्टराई | रु.२८,३७,२१७।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएकोले सोही ऐनको दफा १७ ले निर्देश गरेअनुसार सोही ऐनको दफा ३(१)(छ) र ३(१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन मागदाबी लिइएको छ। |
| ४. | जिल्ला स्याङ्गजा, गल्याङ्ग नगरपालिका वडा नं. ३ स्थित पकवादी सहकारी संस्थाका अध्यक्ष हरिलाल खनाल, उपाध्यक्ष हेमा न्यौपाने तिमिल्सिना, सचिव परसुराम खनाल, कोषाध्यक्ष उमा श्रेष्ठ | रु.२८,३७,२१७।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियार भई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम कसुर गरेकोले सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारलाई हुने सरह नै सजाय हुन मागदाबी लिइएको छ। |
| ५. | जिल्ला स्याङ्गजा, गल्याङ्ग नगरपालिका वडा नं. ३ बस्ने महेन्द्र कुमार भन्ने श्रीप्रसाद श्रेष्ठ | रु.२८,३७,२१७।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियार भई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम कसुर गरेकोले सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारलाई हुने सरह नै सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता

नरहरि घिमिरे